

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्छ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ २३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 06 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७८


## नदीजन्य पदार्थ निकासी गर्ने सरकारी निर्णयको चौतर्फी विरोध

जीतलाल श्रेष्ठ, निजगढ, २२ जेठ/

सरकारले गत जेठ १५ गते ल्याएको बजेटमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा भारत निकासी गरी व्यापार घाटा कम गर्ने घोषणा गरेपछि सोको चौतर्फी विरोध भइरहेको छ ।



निजगढस्थित बकैया खोलामा नदीजन्य पदार्थ उत्खनन गर्दै एक्साभेटर । तस्वीरः प्रतीक

चुरे उत्खनन, दोहन गर्दै सार्वजनिक महत्त्वको प्राकृतिक स्रोतसाधनमाथि सीमित व्यक्तिहरूले उद्योग–व्यवसायका नाममा वर्षौंदेखि धन्दा गर्दै आइरहेकामा यसलाई बढवा दिने गरी सरकारको यो घोषणाको व्यापक विरोध र चुरे दोहनसँग जोडेर अहिले सरकारको व्यापक आलोचना भइरहेको छ ।

चुरे, तराई–मधेसको जीवनरेखा हो । यसको जथाभावी उत्खनन, दोहनले तराई–मधेसका उर्वरभूमि, पानीको स्रोत, वनजङ्गलमा समेत नराम्ररी असर पर्ने ातावरण विज्ञहरूको भनाइ छ ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले सङ्घीय सरकारको वक्रदृष्टि तराई–मधेसको चुरे क्षेत्र र नदीजन्य पदार्थमा परेकोले तराई–मधेस मरुभूमीकरण हुने भन्दै सो घोषणा अविलम्ब फिर्ता लिन भन्दै २०७८ जेठ २० गते प्रेस विज्ञप्ति सार्वजनिक गरेका थिए । सङ्घीय सरकारले जबरजस्ती गरे त्यसको रक्षार्थ प्रदेश सरकारले आवश्यक निर्णयसमेत लिने चेतावनी विज्ञप्तिमा उल्लेख छ ।

चुरे र तराई–मधेसलाई नै तहसनहस हुनेगरी गरिएको सरकारको घोषणा अविलम्ब फिर्ता लिनुपर्ने आवाजहरू स्थानीय तहदेखि केन्द्रीय तहसम्म उठेको र विज्ञहरूले समेत उठाउन थालेका छन् । यो आवाजलाई सरकारले बेवास्ता गर्दै जबरजस्ती गरे सोको व्यापक विरोध हुने देखिन्छ । त्यस्तै, धनदौलतमा मात्रै लिप्त हुने मनोवृत्तिका जमातले उत्खनन, दोहनको पक्ष लिई सरकारका कुरामा मलजल पुऱ्याउने गरिरहेका छन् । फलस्वरूप तराई–मधेसमा सरकारकै कारण स्थानीय जनतामा द्वन्द्व सिर्जना हुने सम्भावना पनि बढेको देखिन्छ ।

धनुषामा क्रसरले अचाक्ली गर्दै आएको खोला उत्खनन, दोहनलाई टुलुटुलु हेर्न नसकेर अवैध कार्यको विरोध गर्ने स्थानीय युवक दिलीप महतोलाई क्रसर उद्योग परिसरमा योजनाबद्ध ढङ्गले कुटपिटपछि टिपरले पेलेर हत्या गरेको घटना गत वर्षकै हो । यस घटनाबाट पनि द्वन्द्व मात्र होइन, अनेकन समस्यासमेत निम्तिन सक्नेछ ।

चुरेको खानीबाट उद्योगसम्म रोपवेको प्रयोग गरी नदीजन्य पदार्थ ओसारपसार गर्नेगरी व्यवस्था मिलाउने सरकारको भनाइ छ ।

चुरे क्षेत्र, नदी, खोलाबगर किनार, मानवबस्ती आसपास उद्योगका नाममा धन्दा गरेकैले चुरे पहाड, वन, बस्ती, खेतीयोग्य जमीन र तराई नै सङ्कटमा परिरहेको कसैसँग लुकेको छैन । चुरेलाई नचलाउँदा पनि वार्षिक ६ हजारभन्दा बढी साना–ठूला पहिरो जाने गरेको जानकारहरूको भनाइ छ । चुरे अति संवेदनशील क्षेत्र हो । जसका कारण चुरे आसपासका जलाधारसमेत अहिले सुक्दै गइरहेका देख्न सकिन्छ ।

चुरे फेद आसपासका अमलेखगंज, चकरी, रतनपुर, लाल, सिगौल, रजुवा, इपिलघारी, भुलनटार, गैंडाटारलगायतका मानवबस्तीमा ८/१० वर्षयतादेखि नै चुरेबाट आउने पानीको स्रोत घट्दै आइरहेको यस भेगका बूढापाकाहरू बताउँछन् । चुरे, नदीनाला, खोलाबगरमा नदीजन्य पदार्थको जथाभावी उत्खनन, दोहन र वनजङ्गल विनाशका असर गाउँबस्तीमा सजिलै देख्न सकिन्छ । पिलुवा, महेन्द्रनगर, कर्तवा, डुमरवाना, सिम्री, कोल्हवी, बोधवन, रामनगर, सुन्दरबस्ती, नयाँबस्तीलगायत चुरेदेखि ४/५ कोस टाढा र वनजङ्गल आसपासका बस्तीका कैयौं स्थानमा यस्ता समस्या देखा परिसकेका छन् ।

चुरे क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी जस्ता प्राकृतिक स्रोत साधन अप्राकृतिकरूपमा वर्षौंदेखि हुँदै आइरहेको उत्खनन, दोहनलाई बेलैमा नरोक्ने हो भने बिस्तारै तराईका उर्वर खेतबारी बन्जर, सुक्खा हुने जलाधारविद् डा मोहन वाग्लेको तर्क छ । जसको असर खाद्यान्न उत्पादनमा परी खाद्य सङ्कट आइलाग्ने भन्दै उनले चिन्ता जाहेर गरे ।

चुरे क्षेत्रमा जथाभावी नदीजन्य पदार्थ उत्खनन गर्दा यसको असर कतिपय ठाउँमा तस्कालै देखिन सक्छ । कतिपय ठाउँमा कालान्तरमा भयावहरूपमा देखिन सक्छ । तराई–मधेसका भूभाग कटान–पुरान, मानवबस्ती, यहाँ रहने प्राणी, चराचुरुङ्गी, वनजङ्गललाई दिगो असर पर्नेछ । जसको नकारात्मक असर तराई–मधेस मात्रै होइन, पहाडी र हिमाली भेगका मानिसले समेत भोग्नुपने डा वाग्ले बताउँछन् ।

त्यसैले चुरे पर्वत शृङ्खलाको संवेदनशीलतालाई जहिल्यै पनि ख्याल राख्दै संरक्षणमुखी काममा राज्य, सरोकारवाला निकायहरूले ध्यान दिइरहनुपर्ने उनको भनाइ छ ।

झन्डै १५ वर्षअघिदेखि नेपालका क्रसर सञ्चालकले भारत, रक्सौलका ढुङ्गा व्यापारीहरूलाई रोडा, गिट्टी बिक्री गर्दै आइरहेका छन् । वर्षौंदेखि मापदण्डविपरीत चलिरहेका क्रसरले जथाभावी स्थानबाट उत्खनन गरेको ढुङ्गा राजस्व प्राप्तिको नाममा स्थानीय तह, प्रदेश सरकारसमेत 'तैं चुप, मै चुप'को अवस्थामा छन् । नदीजन्य पदार्थलाई व्यवस्थित गर्न तयार गरिएको कार्यविधि–२०७७ लाई समेत स्थलगतरूपमा कार्यान्वयनमा ल्याउन राज्यले सकिरहेको छैन ।

वर्षौंदेखि मापदण्डविपरीत चलिरहेका क्रसर उद्योगहरूलाई स्थानीय तहहरूले राजस्व प्राप्त गर्ने नाममा संरक्षण गर्दै आएका छन् ।

विगतमा नदीजन्य पदार्थ जथाभावी विदेशिएकोमा चौतर्फी विरोध, बहस हुन थालेपछि भन्सार कार्यालयहरूमा तथ्याङ्क राख्न मातहतका निकायलाई तत्कालीन सरकारले निर्देशन दिएका थिए । भन्सार कार्यालय वीरगंजको तथ्याङ्कको आधारमा पनि त्यस बेला नदीजन्य पदार्थ कति परिमाणमा विदेशिएको रहेछ भन्ने सहजै बुझ्न सकिन्छ ।

२०६८/६९ मा १० लाख ७७ हजार ३३ घनमिटर, २०६९/७० मा ७ लाख ५२ हजार ५०६ घनमिटर, २०७०/७१ जेठसम्म ५ लाख ४५ हजार ७३७ घनमिटर र २०७१ असार १० गतेसम्म ३२ हजार १०६ घनमिटर नदीजन्य पदार्थ भारत निकासी भएको देखिन्छ । यो तथ्याङ्कलाई हेर्दा पनि १०–१२ वर्षको त्यो अवधिमा दुई करोड घनमिटरभन्दा बढी परिमाणमा नदीजन्य पदार्थ वीरगंज भन्सार नाकाबाट भारत निकासी भएको देखिन्छ ।

बारा र मकवानपुरका चुरे क्षेत्रका खोलानाला, बगर आसपासमा सञ्चालन हुँदै आएका क्रसरबाट सो परिमाणको नदीजन्य पदार्थ भारत निकासी हुँदा सोको क्षतिको अनुमान मात्र गर्न सकिन्छ ।

सरकारले २०७१ साउन १ गतेदेखि नदीजन्य पदार्थ विदेश निकासी बन्द गरेको हो । तर अहिले विदेश निकासी गरी व्यापार घाटा कम गर्ने सरकारले जनाएको छ ।

यसअघि वनक्षेत्र, आरक्ष, निकुञ्जदेखि दुई किलोमिटरभित्र पर्ने, स्थानीय सुरक्षा निकाय र शैक्षिक सङ्घसंस्थादेखि एक किलोमिटरभित्र रहेका क्रसरलाई तीन वर्षभित्र बन्द वा स्थानान्तरण गर्नुपर्ने २०६७/१२/०६ गते सर्वोच्च अदालतद्वारा गठित अनुगमन समितिले मापदण्ड निर्धारण गरेको थियो । म्याद सकिए पनि ६/६ महीना गरी चारपटक र महेश बस्नेत उद्योगमन्त्री हुँदा एक वर्ष म्याद थप गरी तीन वर्ष म्याद थप्दै क्रसर उद्योग चल्दै आइरहे पनि पछिल्लोपटक म्याद थप नहुँदा पनि क्रसर उद्योग निर्बाध चल्दै आइरहेका छन् ।

तत्कालीन प्रधानमन्त्री खिलराज रेग्मीको कार्यकालमा वनक्षेत्र, आरक्ष, निकुञ्जदेखि दुई किलोमिटरभित्र पर्ने क्रसरको मापदण्ड ५ सय मिटरमा झारेको थियो । सो निर्णयको व्यापक विरोधपछि एक महीनापछि पुरानै मापदण्ड कायम हुने भन्दै सच्याइएको थियो ।

त्यसै बेला चुरे फेददेखि एक

(बाँकी अन्तिम पातामा)

## शनिवार दशजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २२ जेठ/

नारायणी अस्पताल वीरगंजको



पिसिआर प्रयोगशालाले शनिवार साँझ १० जना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड फोकल पर्सन डा सरोजरोशन दासले ९६ जनाको स्वाब नमूना सङ्कलन गरी परीक्षण गर्दा पर्सा र बाराका तीन/तीन जना, महोत्तरीका दुईजना र रौतहट तथा सर्लाहीका एक/एक जना गरी १० जना सङ्क्रमित पुष्टि भएको बताए ।

सङ्क्रमित हुनेमा ३३ देखि ९५ वर्ष उमेरका मानिसहरू भएको र उनीहरूको सिटी भ्याल्‌ २३.३ देखि ३५ सम्म रहेको डा दासले बताए ।

नारायणी अस्पताल वीरगंजमा आज पनि कोरोना सङ्क्रमणबाट कसैको मृत्यु भएको छैन ।

## कोरोना सङ्क्रमित घटेपछि विद्यालय खोल्न महानगरको निर्देशन

प्रस, परवानीपुर, २२ जेठ/

वीरगंजमा कोरोना सङ्क्रमण घटेपछि सरकारी तथा निजी विद्यालय




वीरगंज महानगरपालिका कार्यालय । तस्वीरः प्रतीक

भौतिकरूपमा खुल्ला गरी पठनपाठन गराउन वीरगंज महानगरले निर्देशन गरेको छ ।

सूचना जारी गर्दै कक्षा ८ देखि १२ सम्मका कक्षाको पठनपाठन शुरू गर्न निर्देशन दिइएको नगरप्रमुख विजयकुमार सरावगीले बताए ।

उनले आइतवारदेखि नै विद्यालय सफा गर्न भनेका र जेठ मसान्तभित्र सबै तहका कक्षाको निर्देशनबमोजिम नतीजा तयार पार्न निर्देशन दिएको र असार १ गतेदेखि विद्यालय खोलेर अन्य गतिविधि शुरू गर्न भनिएको बताए ।

महानगरको शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले सूचना जारी गर्दै विद्यालय खोल्ने निर्देशन दिइएको बताए । शिक्षा अधिकृत हरि राउतले सूचनामा नतीजा कसरी तयार पार्नेबारे उल्लेख गरिएको जानकारी गराए ।

वीरगंज महानगरले जारी सूचनामा असार १ गतेदेखि विद्यालय खोलेर असार ७ सम्म विद्यार्थी भर्ना अभियान र असार १५ सम्म घरदैलो अभियान सञ्चालन गर्न पनि भनेको छ । त्यसपछि असारको १६ गतेपश्चात् भौतिकरूपमैं कक्षा शुरू गर्न निर्देशन जारी गरिएको छ ।

शैक्षिक प्रशासन महाशाखाका शिक्षा अधिकृत हरि राउतका अनुसार स्वास्थ्य मापदण्ड पूरा गरी विद्यालयमा पठनपाठन शुरू गरिने र पछि अवस्था सहज बन्दै गएपछि अन्य कक्षाको बारेमा पनि सोचिनेछ । महानगरले स्वास्थ्य मापदण्डका ७ वटा बुँदामा लिखित सहमति लिने र स्वास्थ्य सुरक्षाका मापदण्डहरू अनिवार्य पालना गर्नुपर्ने बताएको छ ।

सवारीसाधन (स्कूल बस) सञ्चालन गर्न नपाइने, शिक्षण सिकाइका वैकल्पिक उपायहरू विद्यालय र अभिभावकबीच सहमति गरी लागू गर्नुपर्ने र कुनै विषम परिस्थिति देखिएमा जानकारी गराउनुपर्ने जस्ता शर्त राखिएका छन् ।

वीरगंज महानगरपालिकामा ८९ वटा सामुदायिक र १४० भन्दा बढी निजी विद्यालय छन् ।

## वातावरण दिवसमा वृक्षारोपण

प्रस, वीरगंज, २२ जेठ/

विश्व वातावरण दिवसमा वीरगंज



तस्वीरः प्रतीक

र रक्सौलमा वृक्षारोपण गरिएको छ ।

वीरगंजमा ग्रीनसिटी सामुदायिक संस्थाको आयोजनामा आदर्शनगर क्षेत्रमा ८० वटा विभिन्न जातका बिरुवा रोपण गरिएको अध्यक्ष प्रकाश खेतानले बताए ।

प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले कार्यक्रमको उद्घाटन वृक्षारोपण गरेर गरेका थिए । सो अवसरमा प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, प्रहरी निरीक्षक सुमन कार्की,

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**बढी वाकपटुताको सट्टा स्पष्ट भाषण नै उत्तम हुन्छ।**
**– स्विनबर्न**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अकाट्य छ कर्मफल विधान

प्राचीन समयको कुरा हो। एकजना राजा थिए। उनी निकै उदार, न्यायकारी र भगवद्भक्त थिए। उनले भगवान् विष्णुको एउटा भव्य मन्दिर बनाए। राजकार्यबाट समय निकालेर उनी सुनिश्चितरूपले भगवान् विष्णुको भनिन्- मलाई थाहा छैन, तर मैले उनलाई ठाकुरजीको मन्दिरमा गएको देखेकी थिएँ।

राजासमेत थुप्रै मानिस मन्दिरमा पुगे। त्यहाँ ब्राह्मण पुजारी पूजा अर्चना गरिरहेका थिए। मानिसले उनलाई

> **साँच्चै कर्मफल विधान कति अकाट्य छ, अटल र अमिट छ। अतः हामी गुरुको शरणमा रहेर, ईश्वरको शरणमा रहेर सधैं सत्यको बाटोमा हिंड्नुपर्छ, सत्यको बाटोमा हिंड्दा सदैव शाश्वत सुखशान्ति प्राप्त गर्छौं।**

मन्दिरमा बसेर भगवच्चिन्तन गर्दथे। राजालाई त्यस मन्दिरमा पूजा अर्चनाको लागि एउटा सच्चा भगवद्भक्तको आवश्यकता थियो। राजाको त्यो खोज एक दिन पूरा भयो, जब एक निकै सदाचारी र धर्मनिष्ठ ब्राह्मणले पुजारीको रूपमा त्यस मन्दिरको जिम्मेवारी सम्हाले। त्यो ब्राह्मण निकै सन्तोषी र भगवद्भक्त थिए। उनले पूजा कार्यको लागि राजासँग याचना गरेका थिएनन्। राजा पनि उसको स्वभाव र व्यवहारबाट निकै प्रसन्न भए।

ब्राह्मणले त्यस मन्दिरमा वर्षौंसम्म पूजा गरे, तर कहिल्यै राजासँग कुनै वस्तुको याचना गरेनन् न कुनै प्रश्न। वर्षौंपछि राजाको एउटा सन्तान भयो। राजाले आफ्नो बालकको सही पालनपोषण गरे। उसलाई सही शिक्षादीक्षा दिलाए। ठूलो भएपछि आफ्नो छोराको विवाह एउटा सुन्दर राजकन्यासँग गराए। ती कन्या छिमेकी राज्यकी राजकुमारी थिइन्। विवाह भएपछि राजकुमारी ससुराली आइन्। एक दिन राजकुमार र राजकुमारी दुवैजना आफ्नो शयनकक्षमा विश्राम गरिरहेका थिए। राजकुमारलाई निद्रा लाग्यो, तर नयाँ ठाउँ भएकोले राजकुमारीलाई निद्रा लागेन। उनी निकै बेरसम्म जाग्दै सोचिरहिन्। अचानक उनको नजर हीरा–जवाहरातजडित मुठ भएको एउटा तलबारमाथि पऱ्यो।

जब राजकुमारीले त्यस तरबारलाई हेर्न म्यानबाट निकालिन्, तब त्यसको तेज धार देखेर निकै डराइन्। डरले उनको हातबाट तरबार खस्यो र पलङ्गमा सुतिरहेका राजकुमारको घाँटीमा लाग्यो। गम्भीर घाइते भएका राजकुमारको मृत्यु भयो। राजकुमारी डराइन् र पति मरेको शोक गर्न थालिन्। उनी सोच्न थालिन्– हे प्रभु ! मबाट अचानक कस्तो पाप भयो ? मेरो हातबाट मेरै पतिको मृत्यु भयो। तर हे प्रभु तपाईंलाई थाहा छ म निर्दोष छु किनभने मैले जानीबुझीकन यस्तो गरेकी होइन, तर म आफ्नो सासू–ससुरालाई के भन्छु ? कसले मेरो कुरामाथि विश्वास गर्छ ? मेरो मातापितामाथि पनि कलङ्क लाग्नेछ। म के गरूँ ? कहाँ जाउँ ?

बिहान जब मन्दिरका पुजारी कुवाँमा नुहाउन आए, तब उनलाई देखेर राजकुमारीले विलाप गर्न थालिन्– हे राम ! मेरो पतिलाई कसैले माऱ्यो।" उनको रोदन र विलाप सुनेर वरपरका मानिस जम्मा भए, स्वयम् राजा पनि आए र राजकन्यासँग सोधे– राजकुमारलाई कसले माऱ्यो ? उनले

समातेर सोधे– तैले राजकुमारलाई किन मारिस् ? ब्राह्मणले भने– मैले त राजकुमारको कोठासमेत देखेको छैन। म कसरी मार्न सक्छु। ईश्वरलाई थाहा छ, मैले यस्तो गरेको होइन। नहेरीकन तपाईंले मलाई अपराधी मान्दै हुनुहुन्छ ?

राजालाई ब्राह्मणमाथि कुनै शङ्का थिएन किनभने उनको इमानदारीप्रति उनी परिचित थिए। तर त्यहाँ उपस्थित मानिसहरूले ब्राह्मणलाई नै अपराधी मान्दै थिए। राजाले ब्राह्मणलाई भने– म तिमीलाई प्राणदण्ड दिन सक्दिनँ तर जुन हातले तिमीले मेरो छोरालाई मारेका थियौं, त्यो हात काट्ने आदेश दिन्छु। राजाले भनेपछि ब्राह्मणको हात काटियो। यस कार्यप्रति ब्राह्मण निकै दुःखी थिए किनभने उनलाई थाहा थियो कि उनले राजकुमारलाई मारेका थिएनन् तर निर्दोष भएर पनि उनलाई सजाय दिइयो र हात काटियो। ब्राह्मणले राजालाई अधर्मी मान्दै त्यस राज्य छाडेर अन्यत्र गए।

टाढा गएर पनि ब्राह्मणले पटक–पटक यही सोच्थे कि नराम्रो कर्मको फल नराम्रो हुन्छ तर नराम्रो कर्म नगर्दा पनि, राजकुमारलाई नमारेको भएपनि त्यसको सजाय मैले किन पाएँ ? उनी कुनै विद्वान्, ज्योतिषी र सिद्धपुरुषको खोजमा थिएँ, जसले यो बताउन सक्छ कि निर्दोष भएर पनि उनको हात किन काटियो ? उनलाई सजाय किन दिइयो।

अन्ततः ब्राह्मण एकजना ज्योतिषी र सिद्धयोगीकहाँ पुगे र सोधे– महात्मन् ! निर्दोष भएर पनि मेरो हात किन काटियो ? ज्योतिषीले भने– ब्राह्मण देव ! तपाई निश्चित नै निकै उदार र धर्मात्मा हुनुहुन्छ। यस जन्ममा तपाईंले कुनै नराम्रो कर्म गर्नुभएको छैन तर व्यक्तिसँग उसको वर्तमान मात्र होइन अतीत पनि जोडिएको हुन्छ र पूर्वजन्ममा गरिएको कर्मको फल वर्तमान जीवनमा भोग्नुपर्छ। दुनियाँमा हामी जसको बीचमा रहन्छौं, ती सबै हाम्रो नै कर्मको अभिव्यक्ति हो। भाइ–बहिनी, पुत्र–स्त्री, सम्बन्धी, गुरु आदि हुन्छन्, ती सबै आफ्नै कर्म हो। आफूले गरेको शुभ–अशुभ, राम्रो–नराम्रो, पाप–पुण्य कर्म हो, त्यसको फल हामीले अवश्य पनि भोग्नुपर्छ।

ब्राह्मणले फेरि सोधे– महात्मन् ! राजाले म निर्दोषको हात किन काट्न लगाए ? मैले यस्तो के पाप गरेको थिएँ ?

ज्योतिषीले भने– ब्राह्मण देव ! राजाले होइन, तपाईंको कर्मले नै तपाईंको हात काटेको छ। त्यो कसरी ? ब्राह्मणले सोधे।

ज्योतिषीले भने– पूर्वजन्ममा तपाई तपस्वी हुनुहुन्थ्यो र राजकन्या गाई थिइन् तथा राजा कसाइ थिए। त्यो कसाइले जब गाईलाई मार्न थाल्यो, तब गाई ज्यान जोगाउँदै तपाईंको अगाडिबाट जङ्गलतर्फ भागिन्। पछि बगरे आयो र तपाईंलाई सोध्यो कि यता कुनै गाई आएको थियो ? जता गाई गएकी थिइन्, त्यसतर्फ तपाईंले हातले इशारा गर्नुभयो र बगरे त्यतातिर गएर गाईलाई माऱ्यो। त्यसपछि त्यस जङ्गलमा सिंह आयो र गाई तथा बगरे दुवैलाई खाएर त्यसको अस्थि नजीकको गङ्गाको किनारमा छाडिदियो। वर्षाको पानी प्रवाहसँगै अस्थि गङ्गामा समाहित भयो। पुण्यदायी गङ्गाको प्रतापबाट कसाइ राजकुमार र गाई राजकन्याको रूपमा जन्म लिए र पूर्वजन्ममा गरिएको त्यस कर्मले एक रात्रिको लागि ती दुवैलाई एकैसाथ ल्याइदियो किनभने बगरेले गाईलाई तरबारले मारेको थियो, यसै कारण राजकन्याको हातबाट अनायस तरबार खसेर राजकुमारको मृत्यु भयो।

यस प्रकार आफ्नो फल दिएर कर्म निवृत्त भयो र तपाईंले जुन हातले इशारारूपी कर्म गर्नुभएको थियो, त्यस पापकर्मले तपाईंको हात काटियो।

साँच्चै कर्मफल विधान कति अकाट्य छ, अटल र अमिट छ। अतः हामी गुरुको शरणमा रहेर, ईश्वरको शरणमा रहेर सधैं सत्यको बाटोमा हिंड्नुपर्छ, सत्यको बाटोमा हिंड्दा सदैव शाश्वत सुखशान्ति प्राप्त गर्छौं।

# जनतालाई जीवनको चिन्ता, राजनीतिलाई सत्ताको

### समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

> **जनता महामारीले मर्दा राजनीति सत्ता र शक्तिको दाउपेचमा अल्झियो। परिणाम, विगत अनुभवलाई अवसरवादीहरूका निम्ति कमाउने औजार बनाउन छुट दिइयो। गरीब जनता उपचार नपाएरै मर्ने अवस्था बन्यो। थाहा छैन, यो विडम्बनाको पुनरावृत्ति कहिलेसम्म भइराख्ने हो।**

देशका अधिकांश जिल्ला निषेधाज्ञामा छन्। काठमाडौं उपत्यकालगायत उत्पादन र आपूर्तिका केन्द्र मानिएका सीमावर्ती जिल्लामा निषेधाज्ञा एक महीनाभन्दा बढी गइसकेको छ। जनता कोरोनाको महामारीबाट आक्रान्त छ। हजारौं व्यक्तिको ज्यान गइसकेको छ, लाखौं सङ्क्रमित भइसके। प्रियजन गुमाउनुको पीडा र महामारीबाट कसरी जोगिने भन्ने जनताको लागि मुख्य चिन्ता छ। जनताको जीवनरक्षाको लागि एकचित्त हुनुपर्ने राजनीति भने सत्ता जोगाउने र गिराउने एकलव्य उद्देश्यमा छ। यो महामारी निकासको योजनालाई पन्छाएर राजनीति भने सत्ताको जोडघटाउ र तिकडमका उपायमा उत्रिएको छ। सरकारको ध्यान महामारीबाट हटेर राजनीतिक जालझेलमा एकोहोरिएको छ।

कोरोना सङ्क्रमितले उचित उपचार पाएका छैनन्। यतिसम्म कि, एक सर्को सास फेर्न अक्सिजनसमेत नपाएर जनताले ज्यान गुमाउने अवस्था आइपऱ्यो। जनतालाई जीवन बचाउन अक्सिजन उपलब्ध नभएको अवस्थामा राजनीतिक अगुवा जति सत्ता जोगाउन र ढलाउन दौडिए/दौडिइराखेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले भर्खरै मन्त्रिपरिषद् पुनर्गठन गरेर कोमामा पुगेको सत्ताको आयु तन्काउने प्रयास गरेका छन्। यो प्रयत्नले ओलीको सत्तालाई कहिलेसम्म प्राणवायु प्रदान गर्ने हो, तिकडम र विधिविपरीत हर्कतका अगाडि अनुमानको विषय मात्र हुनेछ। जनताले जीवन जोगाउन एक थान सिलिन्डरसमेत सहजरूपमा नपाएको यथार्थ कम्ती पीडादायी छैन। तर सत्ताका लागि मरिमेटेको राजनीतिलाई यो पीडाले छुने कुरै भएन।

हुनत सत्ताको लागि छलछाम र बेइमानीलाई राजनीतिको खास विशेषता मान्नेहरू पनि छन्। जुन स्तरको तिकडम गरेरै सत्तामा टाँसिइराख्ने राजनीतिक उद्देश्य ठान्नेहरूले राजनीति कसका लागि गरेको हो भन्ने चाहिं बिर्सिन्छन्। राज्य व्यवस्था परिचालनका निम्ति सत्ता चाहिन्छ। जनमतबाट त्यसले वैधानिकता पाएको हुन्छ। तर सत्ता सधैं लोककल्याणमा केन्द्रित हुनु राजनीतिको मूल चरित्र हुनुपर्दछ कि पर्दैन ? जनता रोग र भोकले मरिराख्दा राजनीतिकर्मी सत्ता विघटन र बचाउका तिकडममा तल्लीन हुन्छन् भने ती जनताका अपराधी हुन्।

जनता एक महीनाभन्दा लामो समयदेखि घरमा थुनिएर रोग र भोकसित लडिरहेको छ। यसबीचमा सरकार नामको संयन्त्रले उपचार गर्न नसक्नेसम्मको लज्जाजनक लाचारी प्रकट गरेकै हो। आपत्को समयमा म छु नि भनेर ढाडस दिन नसक्ने सरकार के काम ? उचित/अनुचित तिकडम लगाएर सत्तामा पुग्नैपर्ने र आसन जमाएपछि त्यसैमा टाँसिइराख्नुपर्ने राजनीतिको के औचित्य ? राजनीति भनेको जनताको शोषण र राज्यशक्तिको दुरुपयोगका लागि मात्रै हो त ? राजनीतिक आग्रह छोडेर एउटा निमुखा नागरिक भएर एकपटक सोचौं त, सत्तामा केपीले तमाशा देखाउन् कि शेरबहादुर, प्रचण्ड वा अहिले सतहमा देखिएका अरू कुनै पात्र उक्लिऊन् कोरोना कहर भोगिरहेको जनतालाई त्यसले के फरक पर्दछ ?

जनता महामारीमा पिल्सिंदा सिंहदरबार र बालुवाटारमा सत्तामा कसलाई ल्याउने र कसलाई बाहिर पठाउने भन्ने खिचडी पाक्छ। सरकारबाट कोही बाहिरिऊन् वा भित्रिऊन्, यसले कोरोनाबाट आफन्त गुमाएको, आफैं सङ्क्रमित भएर पीडा उठाएको, रोजगार गुमाएर भोको पेट सुतिराखेको गरीब परिवारलाई के राहत पुग्दछ ? अहिले नयाँ मन्त्रिमण्डलमा देखिएका नयाँ अनुहार (पात्र/प्रवृत्ति चाहिं पुरानै)हरूको आचरणबाट जनता बेखबर छैन, त्यसैले आशावादी पनि छैन।

ती प्रवृत्तिहरू, जसलाई सत्तामा उक्लिएर र सत्ताको वरिपरि टाँसिएर दुनो सोझ्यानु छ, त्यसलाई सत्ताले लाभ पुऱ्याउला। अन्यथा, सङ्कटको समयमा साथमा देख्न नपाइने राजनीतिबाट जनताले अपेक्षा पाल्न छोडिसकेको छ। नालायकहरूलाई राजनीतिको केन्द्रमा स्थापित गरेकोमा पश्चात्तापको विकल्प छैन। महामारीसित जुध्ने सामर्थ्य खोज्दैछन्। कति महामारी जितेर तङ्ग्रिने प्रयत्नमा छन्, कति हारेर जीवन गुमाइराखेका छन्, परिवारजन असह्य पीडामा छन्। जनताको जीवन सरकारका निम्ति तथ्याङ्क देखाउने अङ्कगणित मात्रै बनेको छ।

सरकारले निषेधाज्ञालाई कोरोना नियन्त्रणको एकमात्रै विकल्प ठानेको भान हुन्छ। सत्ताबाट अन्त ध्यान दिन नचाहेको सरकारका लागि नागरिकलाई घरभित्रै थुन्नुभन्दा नियन्त्रणको अरू सहज उपाय देखेको छैन। देशमा उपचारका पूर्वाधार कुन हदसम्म असफल भइसक्यो भन्ने कुरा त सरकारले अब उपचार गर्न सक्दैनौं भन्ने हदसम्मको लाचारीबाट स्पष्ट भइसकेकै छ। सरकारको असफलता र लाचारीको बचाउमा उत्रिनेहरू आर्थिक शक्तिसम्पन्न देशले त महामारी नियन्त्रणमा गर्न सकेका छैनन् भन्ने तर्क गर्दछन्। हाम्रो सरकारले कसरी सकोस् भन्ने कुतर्क पेश गर्दछन्। उनीहरू ती शक्तिराष्ट्रले कोरोना महामारीको सामनामा अपनाएका उपाय र अर्थ–सामाजिक दैनिकीको उत्थानका लागि लिएका कदमप्रति आँखा चिम्लिन्छन्। कतिसम्म भने प्रोत्साहनमूलक कार्यक्रमका लागि सबैभन्दा बढी असन्तोषको स्वर मच्चाउने निजी क्षेत्र दोहोरो चरित्र देखाइराखेको छ। यस वर्षका कार्यक्रममा चरम असन्तोष देखाएको यो क्षेत्रले आगामी वर्षको बजेटले पुरानै कार्यक्रमलाई निरन्तरता दिएकोमा स्वागत गरिराखेको छ। कुरा सन्तुष्टि र असन्तुष्टिको होइन, वास्तविक आवश्यकता र त्यसलाई पेश गर्ने प्रवृत्ति मुख्य हो।

अहिलेको मुख्य प्राथमिकता कोरोना सङ्क्रमितको उपचार र व्यवस्थापन नै हो। खोपको सहज उपलब्धता अर्को काम हो। विभिन्न सर्वेक्षणले तीव्र गतिमा खोप अभियान चलाएका देशमा निषेधाज्ञा लगाउनुनपरेको देखाएका छन्। मृत्युदर पनि कम देखिएको छ। सरकारी अनुमान अनुसार नेपालमा ४ करोड ३० लाख मात्रा खोप चाहिन्छ। अहिलेसम्म ४१ लाख ४८ हजार खोपको मात्रा भित्रिएको छ। सरकार १ करोड ३० लाख मात्रा अनुदानको आसमा छ। अहिले अमेरिका, बेलायतलगायतका देशले खोप अनुदान घोषणा गरिराखेका छन्। त्यसका लागि कूटनीतिक पहल प्रभावकारी बनाउनुपर्दछ। हेक्का के राख्नुपर्दछ भने अनुदानको भरमा परेर मात्र हुँदैन। खरीद प्रक्रियालाई सँगसँगै अघि बढाउनुपर्दछ।

सरकारले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुतनिक 'भी'का उत्पादकलाई खरीद प्रस्ताव पठाएको समाचार आएका छन्। भारत, चीन, अमेरिका र रूसले खोप कूटनीतिलाई अघि बढाएका छन्। खोप उत्पादकहरूको यो अभियानमा प्रभाव मात्र होइन, बजारको पनि उद्देश्य छ। भारत अहिले आफैं समस्यामा रहेकाले उसको मुख ताकेर बस्नु मूर्खता हुनेछ। भुक्तानी दिइसकेको १० लाख मात्रा उपलब्ध गरायो भने त्यो नै ठूलो उपलब्धि हुनेछ। अनुदानको आस गरिराख्दा सहुलियत दरमा खरीदको प्रस्तावमा विलम्ब गर्नुहुँदैन। कम्तीमा क्षमता हुनेले खरीद गरेरै भएपनि खोप लगाउन पाउँछन्। यसबाट सरकारी स्रोतमाथिको दबाब कम गर्न पनि मदत पुग्छ।

कोरोनाको पहिलो लहरमा हामीले केही महत्त्वपूर्ण पाठ सिकेका थियौं। सिमाना बन्द गरिएको थियो। नाकामा सामूहिक क्वारेन्टाइन र आइसोलेशन बनाइएका थिए। समुदायमा कोरोनाको जाँच भएको थियो, त्यसका लागि केही स्थानीय सरकारले दाताको सहयोग जुटाएरै भएपनि पिसिआर उपकरण किनेका थिए। सरकारले अस्थायी कोरोना अस्पताल बनाएको थियो। जनशक्ति व्यवस्थापन र कोरोना अस्पताल निर्माणका योजना ल्याइएका थिए। यसपटक भने विगतका अधिकांश अनुभवलाई पाखा लगाइएको छ। यत्रो महामारीमा न सीमानाका बन्द गरियो, न सीमाबाट भित्रिनेलाई चेकजाँच, क्वारेन्टाइनको व्यवस्था मिलाइयो। परिणाम, शहर हुँदै गाउँगाउँसम्म कोरोना पुग्यो। कतिपय अनुभवलाई व्यापारीकरण गरियो। सरकारले अस्थायी अस्पताल बनाएन, निजी अस्पतालले चर्को शुल्क असुल्न पाए। समुदायमा कोरोनाको जाँच भएन, निजी अस्पतालहरूलाई नै कमाउने मौका मिल्यो। जनता महामारीले मर्दा राजनीति सत्ता र शक्तिको दाउपेचमा अल्झियो। परिणाम, विगत अनुभवलाई अवसरवादीहरूका निम्ति कमाउने औजार बनाउन छुट दिइयो। गरीब जनता उपचार नपाएरै मर्ने अवस्था बन्यो। थाहा छैन, यो विडम्बनाको पुनरावृत्ति कहिलेसम्म भइराख्ने हो।

# 'जडीबुटी मात्रा मिलाएर खाऔं'

काठमाडौं, २२ जेठ/रासस

गुर्जो, असुरो, वन हलेदो, सिमली, पारिजात, लसुन, प्याज, चिराइतो, पाँचऔंले, निरमसी जस्ता जडीबुटीले शरीरमा भएको विषादी हटाउन मदत गर्ने भएकाले मात्रा मिलाएर खानुपर्नेमा जोड दिइएको छ।

गुर्जो र बेसारजस्ता जडीबुटीकै विषयमा ५०० भन्दा बढी अनुसन्धान गरी मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउन सहयोग गर्ने प्रमाणित भएको ब्राह्मण समाज नेपालले आज जूम प्रविधिबाट आयोजना गरेको महामारी र आयुर्वेद विषयक प्रवचन कार्यक्रममा आयुर्वेद चिकित्सक डा ऋषिराम कोइरालाले बताए। भारतमा कोरोनाबाट बच्न जडीबुटीको औषधि दिने पाँच लाख आरोग्यधाम निर्माण भएको पनि उनले जानकारी दिए। त्यस्ता धाम नेपालमा पनि खोलिनुपर्ने उनको भनाइ थियो।

मानिसको दैनन्दिनी, के खाने ? के नखाने ? जस्ता विषयमा ध्यान दिएर पनि कोरोनाजस्ता महामारीबाट बच्न सकिने आयुर्वेदका चिकित्सकको सुझाव छ।

कोरोनाका बिरामी राखिएका अस्पतालका नर्सले पनि योग र प्राणायाम गराएका उदाहरण सुनाउँदै चिकित्सक कोइरालाले सूर्य नमस्कार, हिंड्डुलजस्ता योगासन एवं व्यायामले पनि मानव शरीरमा रोगसँग लड्ने क्षमता विकास गर्ने सुनाए।

गर्मी बढेको अहिलेको समयमा सुठो, मरिच, पिप्ला मिसाएर मुखमा राखे घाँटीको खसखस ठीक गर्ने, ज्वानो, मरिच राखेर वाफ लियो भने नाक र घाँटीमा रहेका कीटाणुलाई निकाल्न सकिने उपचार विधि छ।

कागती र फलफूलले शरीरलाई शुद्ध गर्न काम गर्ने भएकाले यसको पनि नियमित सेवन गरिनुपर्ने सल्लाह उनले दिएका छन्। मूला, फर्सीको बीउ, आलस, हाडे बदाम, काजुजस्ता चीजबीजको प्रयोगले शरीरलाई स्वस्थ राख्न सहयोग गर्छ।

दैनिक एक चम्चा घ्यूले पनि एन्टिअक्सिडेन्टका रूपमा काम गर्ने भएकाले सेवन गर्नुपर्ने सल्लाह चिकित्सकको छ। महामारीको यो बेलामा गेंडागुडीका परिकार धेरै खान सुझाव दिइएको छ।

तुलसी, बाबरी, घोडताप्रे, रूधिलोजस्ता जडीबुटीले शरीरमा रोग प्रतिरोधी क्षमता बढाउन सहयोग गर्छ। पखाला लाग्दा ज्वानो र मरिच पानीमा उमालेर जीवनजल राखी खान सकिने चिकित्सक कोइरालाले बताए। समाजका उपाध्यक्ष महेश पराजुलीले महामारीका बेला अन्तर्क्रिया नियमितरूपमा गरिने जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा अझै पनि दैनिक सवा लाख व्यक्ति सङ्क्रमित

नयाँ दिल्ली, २२ जेठ/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या अझै पनि एक लाखभन्दा बढी नै रहेको छ। पछिल्ला केही दिनदेखि दैनिक सङ्क्रमितहरूको सङ्ख्या घट्दै गइरहे पनि एक लाखभन्दा बढी नै रहेको पाइएको हो।




भारतमा कोरोना अवस्थाबारे आयोजित पत्रकार सम्मेलन। तस्वीरः एजेन्सी

सरकारी अधिकारीहरूले शनिवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा एक लाख २० हजार ५२९ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।

यो सङ्ख्या अघिल्लो दिन शुक्रवारको भन्दा ११ हजार ८३५ जना कम भएको तथ्याङ्कमा देखिएको छ।

भारतमा शुक्रवार एक लाख ३२ हजार ३६४ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको विवरण सार्वजनिक भएको थियो। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म दुई करोड ८६ लाख ९४ हजार ८७९ जना सङ्क्रमित भएका छन्।

अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या भने १५ लाख ५५ हजार २४८ रहेको पनि मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। पछिल्लो एक दिनमा भारतमा कोरोना भाइरसका कारण तीन हजार ३८० जनाको मृत्यु भएको छ। योसँगै भारतमा अहिलेसम्म कुल मृतकको सङ्ख्या तीन लाख ४४ हजार ८२ पुगेको छ।

कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि गत २४ घण्टामा एक लाख ९७ हजार ४९४ जना सङ्क्रमणमुक्त भएका छन्। अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या भने दुई करोड ६७ लाख ९५ लाख ५४९ पुगेको अधिकारीहरूले जनाएका छन्। कुल सङ्क्रमितमध्ये ९३ प्रतिशत सङ्क्रमणमुक्त भएको पाइएको छ।

**दिल्लीमा लकडाउन खुकुलो पारिँदै**

नयाँ दिल्ली/पिटिआई

दिल्लीमा पछिल्लो साता सङ्क्रमण दर ०.६८ प्रतिशत कायम भएको सरकारले तथ्याङ्कमा उल्लेख गरेको छ। दिल्ली शहरमा शुक्रवार ५२३ व्यक्ति सङ्क्रमित भएका र ५० सङ्क्रमितको मृत्यु भएको पुष्टि गरिएको छ।

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले दैनिक कोभिड–१९ सङ्क्रमण दरमा गिरावट आएपछि नयाँ दिल्ली र वरपरका क्षेत्रमा आउँदो हप्तादेखि लकडाउनलाई थप खुकुलो पार्ने घोषणा गर्ने उनीनिकट अधिकारीहरूले शनिवार बताएका छन्।

यसै सन्दर्भमा केजरीवालले शनिवार पत्रकार सम्मेलन गरेका थिए। सम्मेलनमा आगामी दिनमा कोभिड–१९ सङ्क्रमणका कारण बन्द बजारलाई केही खुकुलो पार्ने र कोरोना भाइरसको तेस्रो लहरलाई सामना गर्नका लागि आवश्यक तयारीबारे पनि सरकारी संयन्त्र तथा नागरिकलाई निर्देशन दिएको बताइएको छ।

अधिकारीका अनुसार सरकारले जून ७ देखि बजार र अन्य गतिविधि सञ्चालनका लागि अनुमति दिन सक्दछ किनकि कोभिड–१९ को अवस्थामा बिस्तारै सुधार हुँदै गएको देखिएको छ। सरकारले गत हप्ता उत्पादन तथा निर्माण क्षेत्रको प्रतिबन्धलाई अन्त्य गर्दै स्वास्थ्य सावधानीका साथ नियमित काममा फर्कन अनुमति दिएको थियो।

दिल्लीमा दोस्रो लहरको सङ्क्रमण अत्यधिक बढेको भन्दै सरकारले यसै वर्षको अप्रिल १९ देखि लकडाउन आदेश जारी गरेको थियो। रासस

## कोभिड पत्ता लाग्नुअघि वुहान प्रयोगशालामा सङ्क्रमण थिएन –चीन

वुहान, २२ जेठ/सिन्ह्वा

चीनको हुबेई प्रान्तको वुहानस्थित प्रयोगशालाका कुनै पनि कर्मचारी वा अनुसन्धानकर्ता कोरोना भाइरसबाट सङ्क्रमित नरहेको चीनले फेरि एकपटक दोहोराएको छ।

अमेरिकी गुप्तचर निकायको प्रतिवेदनमा सन् २०१९ को अन्त्यतिर चीनमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि हुनुभन्दा केही हप्ता पहिले वुहानस्थित प्रयोगशालाका तीनजनामा मिल्दोजुल्दो लक्षण देखिएको भन्ने दाबीको खण्डन गर्दै चीनको यो भनाइ आएको हो। अमेरिकी गुप्तचरको रिपोर्टपछि कोरोना भाइरसको उत्पत्तिलाई लिएर अमेरिका र चीनका परस्पर भिन्न भनाइ आउने गरेका छन्।

प्रयोगशालामा भएको व्यवस्थापकीय असावधानीका कारण चुहावट हुँदै भाइरस मानिसमा सरेको हुन सक्ने आशङ्का अमेरिकी अधिकारीहरूले गर्दै आएका छन्। यसै विषयलाई लिएर राष्ट्रपति जो बाइडेनले अघिल्लो हप्ता विस्तृत अध्ययन गरी ९० दिनभित्र प्रतिवेदन बुझाउन गुप्तचर निकायलाई आदेश दिएका थिए।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को संयोजनमा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताले गरेको अध्ययनमा कोरोना भाइरस प्रयोगशालाबाट चुहावट भएर मानिसमा सरेको हुन सक्ने सम्भावना अति दुर्लभ रहेको तर थप अध्ययन भने गर्नुपर्ने बताएको थियो।

पछिल्लोपटक अमेरिकी गुप्तचर निकायको सूचनापछि वुहानको समुद्री खाद्यान्न बजारबाट नभई प्रयोगशालाबाट भाइरस फैलिएको हुन सक्ने आशङ्कामा बल पुगेको हो।

यसलाई नै मध्यनजर गरेर अमेरिकाका वरिष्ठ सङ्क्रामक रोग विशेषज्ञ डा एन्थोनी फाउचीले चीनसँग वुहानस्थित प्रयोगशालाका तीनजना अनुसन्धानकर्तासहित कुल ९ जना चिनियाँ नागरिकको स्वास्थ्यसम्बन्धी विवरण जारी गर्न माग गरेका छन्।

शुक्रवार चीनको विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले वुहान इन्स्टिच्युट अफ भाइरोलोजीमा सन् २०१९ को डिसेम्बर ३० भन्दा पहिले कोरोना भाइरसको कुनै जानकारी नरहेको दाबी पुनः गरेका छन्। उनले अहिलेसम्म सो प्रयोगशालाका एक कर्मचारी वा विद्यार्थीमा कोरोना भाइरसको सङ्क्रमण नदेखिएको दाबी गरे। स्वास्थ्य विवरणहरू प्रयोगशालाका कर्मचारी र शोधकर्ताहरूमा मात्रै सीमित गरिने भएकाले सार्वजनिक गर्न नसकिने उनले बताए। रासस

## जापानमा जन्मदर घट्यो

टोकियो, २२ जेठ/एएनआई

जापानमा जन्मदरमा कमी आएको देखिएको छ। कोरोना भाइरसको महामारीका कारण गत वर्ष सन् २०२० मा जापानमा अघिल्लो वर्षभन्दा धेरै बालबालिकाको जन्म भएको हो।

जापानमा लामो समयदेखि निरन्तर जनसङ्ख्या घट्दै जाने समस्या रहेको छ। यसले मुलुकको जनसाङ्ख्यीक संरचनामा समेत असर परेको भन्दै चिन्ता व्यक्त भइरहेको छ। स्वदेशी जनसङ्ख्या घटेपछि जापानमा सक्रिय जनशक्तिको समेत अभाव हुन थालेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार सन् २०२० मा आठ लाख ४० हजार ८३२ बालबालिकाको जन्म भएको छ। यो सङ्ख्या अघिल्लो वर्षको भन्दा २.८ प्रतिशत कम हो। गत वर्षको जन्मदर जन्मदर्ता शुरू गरेको वर्ष सन् १८९९ देखिकै सबैभन्दा कम भएको पनि अधिकारीहरूले जनाएका छन्।

सिएनएनले सार्वजनिक गरेको विवरणमा गत वर्ष विवाह दरमा पनि कमी भएको छ। सन् २०२० मा अघिल्लो वर्षको तुलनामा १२.३ प्रतिशत कम विवाह दर्ता भएको अधिकारीहरूले जानकारी दिएका छन्।

जापानमा सन् २०२० मा पाँच लाख २५ हजार ४९० वटा विवाद दर्ता भएको छ। जापानको अहिलेको विवाह र जन्मदर विश्वकै थोरैमध्येमा पर्ने जनाइएको छ। सन् २०१८ मा गरिएको जनगणना अनुसार जापानको कुल जनसङ्ख्या १२ करोड ४० लाख रहेको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | राज्यभय |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडाश्रम | कन्या | खिन्नता |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनखति | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## वातावरण विनाशका कारक छन् 'मानवीय व्यवहार'

काठमाडौं, २२ जेठ/रासस

काठमाडौंको वाग्मती नदीलाई नालाका रूपमा प्रयोग गरी घरबाट निस्किएको फोहर पानी सीधैं हाल्ने क्रम अहिले पनि जारी छ। यहाँको पानी सफा गर्ने वर्षौंदेखिको प्रयास सफल हुन सकिरहेको छैन।



वाग्मती नदीको सरसफाइ गर्दै। तस्वीरः फाइल

पानीको उपचार (प्रशोधन) नगरी फ्याँक्दा वाग्मती मरेको नदीका रूपमा परिणत भएको भन्छन्, जलस्रोत व्यवस्थावनका विज्ञ डा दिवसबहादुर बस्नेत। यहाँ भइरहेको सरसफाइ अभियानको सन्दर्भ जोड्दै उनले भने, "वाग्मती सफा गर्न त थालियो तर फोहोर फाल्नुहुँदैन भन्ने अभियान चल्न सकेन।"

त्यसका कारण सफाइ गर्न थालिएको सयौं हप्ता बितिसक्दा सामान्यबाहेक वाग्मतीको पानीमा सुधार आउन सकेको छैन। वास्तवमा भन्ने हो भने वातावरणमा असर परिरहेको छ भन्ने जानेर पनि मानिसमा व्यवहार परिवर्तन नआउँदा समस्या यथावत् छ। वातावरणविरुद्धको यो त एउटा सानो तथ्य हो। मुलुकको पारिस्थितिकीय प्रणालीमा कति नकारात्मक प्रभाव परिरहेको छ भन्ने कुरा उक्त तथ्यले उजागर गर्छ।

गिट्टी, बालुवा उत्खननका कारण मुलुकका चुरे पहाड ढलेर बगरमा परिणत भइरहेका छन्। मलिला जमीन कङ्क्रिटमा परिणत छ। उर्वर भूमि सङ्कटमा परिरहेको छ। पानीका मुहान र स्रोत सुक्दैछन्। अधिक र न्यून वर्षाका कारण कतै अनावृष्टि तर कतै अति वृष्टि छ।

जथाभावी वनविनाश भइरहेको र विकास निर्माणका काम योजनाविहीन हुँदा बाढीपहिरोका प्रकोपले बर्सेनि ठूलो जनधनको क्षति भइरहेको छ। यी सब हुनुमा मानव नै प्रमुख कारण भएको वातावरणविद्को ठम्याइ छ।

विश्व वातावरण दिवसको आजको सन्दर्भ जोड्दै डा बस्नेत हिमाल, पहाड र तराईका पारिस्थितिकीय प्रणालीका आआफ्नै महत्त्व रहेको र त्यसलाई बचाइराख्नु आजका लागि चुनौतीको विषय भइरहेको बताउँछन्।

प्राकृतिक स्रोत साधन मानवजीवनका लागि अमूल्य सम्पत्ति हो। त्यसै कारण पृथ्वीमा मानवीय अस्तित्व बाँकी छ। त्यसैले यसलाई जोगाइराख्नु मानवको पहिलो कर्तव्य हो। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्राज्ञ डा दिनेशराज भुजु प्राकृतिक पारिस्थितिकीय प्रणालीको विकल्प बनाउनै नसकिने बताउँछन्। "प्रकृतिलाई चुनौती दिन, नक्कल गर्न असम्भव छ, हामीले वातावरणलाई बचाइराख्नुपर्छ," डा भुजुले भने।

विज्ञका अनुसार गाँस, बास र कपासका लागि स्रोतको सदुपयोग गर्दा यसबाट हुने नकारात्मक असरलाई कसरी न्यूनीकरण गर्ने भन्ने सन्दर्भ भुल्नुहुन्न। "त्यसका लागि योग्य व्यवस्थापन जरुरी छ, जल, जमीन र जैविक प्रणालीको उचित एकीकृत व्यवस्थापन अबको आवश्यकता हो," डा बस्नेतले थपे।

खोलामा बाँध लगाएर मात्रै नहुने त्यसका लागि खोलाको पनि उचित निकासको व्यवस्थापन हुनुपर्छ। एकीकृत योजनाबाट नै त्यो सम्भव रहेको उनले बताए। पछिल्लो समयमा विपद् आउनुमा पनि कतिपय मानवीय कारण जोडिएको छ। जथाभावी सडक निर्माण गर्ने, प्राकृतिक स्रोतको दोहोन गर्ने काम मानिसबाटै भएको छ। डा बस्नेत त्यस्ता विपद् रोक्न प्रकृतिमा आधारित उपाय अपनाउन जरुरी रहेको बताउँछन्।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा नन्दबहादुर सिंह विश्वकै वातावरण र पारिस्थितिकीय प्रणाली कमजोर भइरहेको र वातावरणमा असर बढ्दो रहेको भन्दै चिन्ता प्रकट गर्छन्। मानव बाँचिरहने प्रणाली शुद्ध भएन भने मानव अस्तित्व नै खतरा पर्ने उनको भनाइ छ। "बढ्दो वातावरणीय असरलाई कम गर्दै प्राकृतिक स्रोत साधनलाई पुरानै अवस्थामा कसरी फर्काउने भन्ने कुरा महत्त्वपूर्ण विषय हो," डा सिंहले भने।

उनका अनुसार पृथ्वीमाथि हामीले विजय प्राप्त गर्नुअघि त्यो सम्भव छ कि छैन भनेर सोच्नुपर्छ। पृथ्वीलाई बचाउने कसरी ? अनि हामी कसरी बाँच्ने भन्ने कुरामा एकीकृत योजना आवश्यक छ। कर्णालीको प्राकृतिक स्रोतलाई मुलुककै 'भर्जिनल्यान्ड'का रूपमा परिभाषित गर्ने डा सिंह मनोविज्ञानलाई प्रकृतिसँग जोडेर धेरै अनुसन्धान अघि बढाउन सके वातावरण संरक्षणमा सकारात्मक परिणाम आउने आशा गर्छन्।

उनी प्रकृति जोगाउन मानवीय व्यवहारमा समेत परिवर्तन आउनुपर्नेमा जोड दिन्छन्। "पृथ्वी बचाउनतर्फ लागौं, पारिस्थितिकीय प्रणालीलाई कमजोर बनाउनबाट रोकौं, त्यसका लागि मानवीय व्यवहार परिवर्तन गर्दै जानुपर्छ," उनले भने।

मनोविज्ञानकी प्राध्यापक नेपाल मनोवैज्ञानिक सङ्घकी अध्यक्ष उषाकिरण सुब्बा बढ्दो जनसङ्ख्यासँगै पर्यावरणमाथि चाप परिरहेको सन्दर्भमा प्राकृतिक स्रोतको स्तर बढाउनतर्फ लाग्नुपर्ने बताउँछन्। नत्र त्यसले मानिसको जीवन संरचना नै प्रभावित पार्ने उनको बुझाइ छ। वातावरण जोगाउन मानिसले व्यवहार परिवर्तन गर्नैपर्नेमा उनको पनि जोड छ।

"पर्यावरण परिवर्तन र प्राकृतिक प्रकोपलगायतले मानिसमा प्रतिकूल असर पार्दा भविष्यप्रति निराशा, मानसिक तथा शारीरिक समस्या उत्पन्न हुन्छ, त्यससँग जुध्न मनोवैज्ञानिक सहयोगको आवश्यकता हुन्छ," सुब्बाले भने, "पर्यावरण पुनर्स्थापना गर्न मनोविज्ञान र वातावरण विज्ञानलाई जोडेर अघि बढ्नुपर्छ।"

पूर्वमन्त्री एवं इन्जिनीयर डा गणेश शाहले विकासले विनाश गर्दा प्राकृतिक असन्तुलन बढिरहेकातर्फ सचेत गराउँदै वातावरण जोगाउन पनि मानसिक अवस्था र मानवीय व्यवहार परिवर्तन जरुरी रहेको औंल्याए। कानून तर्जुमा गरिरहे पनि विकासभन्दा विनाश बढी हुँदा खतरा कायमै रहेको उनको तर्क छ।

त्रिभुवन विश्वविद्यालयकी प्राडा नन्दिता शर्मा वातावरण र व्यक्तिबीच अन्योन्याश्रित सम्बन्ध रहेकाले हामी मात्र बाँचेर हुन्न, आउने पुस्ता पनि बाँच्नुपर्छ भन्ने सोचको विकास गर्नु आजको आवश्यकता औंल्याउँछिन्।

विश्व वितावरण दिवसका सन्दर्भमा आज नेपाल मनोवैज्ञानिक सङ्घले वातावराण र मनोविज्ञानलाई जोड्ने प्रयत्नस्वरूप भर्चुअल माध्यमबाट विज्ञबीच गराएको अन्तर्क्रियामा विज्ञले सोचमा परिवर्तनको खाँचो औंल्याएका छन्।

सङ्घका उपाध्यक्ष मनोविद् डा नरेन्दसिंह ठगुन्ना मनोविज्ञानलाई वातावरणसँग कसरी जोड्न सकिन्छ एउटा प्रयास गरिएको जनाउँदै आगामी दिनमा वातावरण संरक्षण र विकाससँग मनोविज्ञानलाई जोड्नका लागि यो सुरुआत हुने बताए। उनले मनोविज्ञान र वातावरणलाई एकीकृत गरी मानवीय जीवनसँग जोड्ने विषयमा काम गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए।

सन् १९७२ मा शुरू भएको वातावरण संरक्षणको सोचको उपलब्धिस्वरूप सन् १९७४ देखि विश्व वातावरण दिवस मनाउन थालिएको हो। यसपालिको नारा 'पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना' भन्ने छ।

## निजामती कर्मचारीका सन्ततिलाई मात्रै विद्यालय नखोल्न आग्रह

नारायण ढुङ्गाना

काठमाडौं, २२ जेठ/रासस

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घले निजामती कर्मचारीका सन्ततिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न सबै प्रदेशको समन्वयमा अलग्गै विद्यालय खोल्ने कार्यक्रम समानतामा आधारित नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ।

महासङ्घले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठलाई ज्ञापनपत्र बुझाउँदै सबैखाले विद्यालयमा सबैले समानरूपमा पढ्न पाउनुपर्ने संवैधानिक हकको कार्यान्वयन गर्न माग गरेको हो। आगामी आर्थिक वर्षको बजेटमा सरकारले निजामती कर्मचारीका सन्ततिका लागि धनकुटा र दिपायलमा विद्यालय खोल्ने कार्यक्रम समावेश गरेको छ।

महासङ्घका अध्यक्ष कृष्ण थापा र महासचिव गुणराज मोक्तानले आज विज्ञप्ति जारी गरी उक्त कार्यक्रम राष्ट्रिय शिक्षा नीति, २०७६ दूरदृष्टिको पनि विपरीत भएको जनाइएको छ। आम नागरिकका छोराछोरी पढ्ने सामुदायिक विद्यालयमा लगानी बढाएर सुधार गर्नुपर्नेमा निजामती कर्मचारीका लागि मात्रै विशेष व्यवस्था गर्नु उपयुक्त नहुने उल्लेख गरिएको छ।

# महासङ्घको वार्षिक कार्यक्रम तथा बजेटबारे छलफल

प्रस, रौतहट २२ जेठ/

नेपाल पत्रकार महासङ्घको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्यक्रम तथा बजेट निर्माणसम्बन्धी छलफल कार्यक्रम चन्द्रनिगाहपुरमा शनिवार सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य शिव पुरीले इच्छाशक्ति र सकारात्मक सोच भए कुनै पनि कार्यमा सफलता हासिल गर्न सकिने बताए। सङ्गठनमा एकता कायम गर्न जरुरी रहेको बताउँदै सङ्गठनप्रति वफादार भएर काम गर्न उनले आग्रह गरे। रौतहटका पत्रकारहरूलाई आवश्यक पर्ने कार्यक्रम बनाउन उनले बताए।

नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का सदस्य शैलेन्द्र झाले स्रोत र साधनको पहिचान गरी क्षमता अभिवृद्धि तालीम, दीर्घकालीन बीमा, सञ्चार कानून तालीम, २० वर्ष पुगेका पत्रकारहरूका लागि भत्ताको व्यवस्था, साना मिडियाहरूको लागि पत्रकारिता प्रवर्धनलगायतका कार्यक्रम पारित गर्न सुझाव दिए।



तस्वीरः प्रतीक

कार्यक्रममा महासङ्घका सल्लाहकार सञ्जय कार्की, गौतम श्रेष्ठ, प्रभात झा, फणि महत, सञ्जय मिश्र, सजय साह, रमेश तिमिल्सिना, विना राउत, रामप्रवेश बैठालगायतका पत्रकारहरूले सुझाव दिएका थिए।

नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाको अध्यक्षतामा भएको कार्यक्रममाथि उपाध्यक्ष प्रवीण शर्माले प्रकाश पारेका थिए भने सचिव मदन ठाकुरले कार्यक्रम सञ्चालन गरेका थिए।

# चार वर्षदेखि घरमा बन्धक ठाकुरको उद्धार

प्रस, वीरगंज, २२ जेठ/

मानव सेवा आश्रम वीरगंजको टोलीले कलैया उपमहानगरपालिका-१८ मोतीसरमा चार वर्ष देखी घरमा फलामे सिक्रीले बाँधेर राखिएका एकजना मानसिक सन्तुलन बिग्रिएका व्यक्तिको उद्धार गरेको छ।



चार वर्षदेखि बाँधेर राखिएका ठाकुर उद्धारपछि मानव सेवा आश्रममा। तस्वीरः प्रतीक

आश्रमको टोलीले मोतीसरबाट जागेश्वर ठाकुर नाम गरेका मानसिक सन्तुलन बिग्रिएका व्यक्तिको उद्धार गरेको मानव सेवा आश्रम प्रदेश नं २ का संयोजक देवेश गुप्ताले बताए। ठाकुरलाई चार वर्षदेखि फलामे सिक्रीले बाँधेर घरको एउटा कोठामा थुनेर राखेको सूचनाका आधारमा आश्रमका सहयोगीहरूले घटनास्थलमैं गएर उद्धार गरी आश्रममा ल्याएको संयोजक गुप्ताले बताए। मानसिक सन्तुलन गुमाएका ठाकुर एक दशकअघिसम्म सो ठाउँका चर्चित बढई मिस्त्री थिए। उनको मानसिक सन्तुलन कसरी गुम्यो भन्नेबारेमा अहिले यकीन कुरा आइसकेको छैन।

उद्धार गरिएका ठाकुरलाई आश्रममा ल्याएर स्वास्थ्य उपचार गरिएको संयोजक गुप्ताले बताए।



पोखरा महानगरपालिका वडा नं १८ सेदीबाट देखिएको अस्ताउँदै गरेको सूर्यको दृश्य। तस्वीरः रासस

# सालको गोलियासहित साइकल पक्राउ

प्रस, निजगढ, २२ जेठ/

बाराको मधुवन क्षेत्रको ककरी नाका पूर्वबाट अवैध गोलियासहित साइकल बरामद भएको छ।



बरामद भएका गोलिया। तस्वीरः प्रतीक

पन्ध्र/बीस जनाको समूहमा रहेका काठ चोर तस्कर समूहले ९ वटा साइकलमा ९ थान सालको हरियो गोलिया ल्याउँदै गर्दा नियन्त्रणमा लिएको ककरी वन रेन्जपोस्टका इन्चार्ज फरेस्टर मुकेशकुमार दासले बताए। बरामद गरिएका सो गोलिया ४९.६२ क्यूफिट रहेको छ।

फरेस्टर दास नेतृत्वको सशस्त्र वन कर्मचारीहरूको टोलीलाई चोर तस्करको समूहले देखेपछि उनीहरू फरार भएको जनाइएको छ। जुगुवा गाउँको पश्चिम टाँगियाबस्तीको दक्षिणी क्षेत्रमा गएराति ९ बजे बरामद भएको हो।

बरामद गोलियाको मोटाइ ५४ इन्च रहेको जनाइएको छ। फरार अभियुक्तहरूको खोजी तीव्र पारिएको डिभिजन वन कार्यालय बाराले जनाएको छ।

लकडाउनको मौका छोप्दै बाराको वनक्षेत्रमा काठ चोरी तस्करीका घटना बढेको छ।

# दुर्घटनामा सैनिकको मृत्यु

प्रस, जनकपुरधाम, २२ जेठ/

रोकिराखेको ट्याक्टरमा मोटरसाइकल ठोक्किंदा एकजना नेपाली सेनाका जवानको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्। बितेको राति पूर्व-पश्चिम राजमार्ग अन्तर्गत गणेशमान चारनाथ नगरपालिकाको पोर्ताहा सडकखण्डमा बिग्रेर रोकिराखेको ना.४त १६८२ नंको ट्याक्टरमा पूर्व दिशाबाट आएको रा.६प २८६३ नंको मोटरसाइकल ठोक्किंदा मोटरसाइकलमा सवार भीमदल गण सप्तरीमा कार्यरत नेपाली सेनाका जवान २४ वर्षीय नरेन्द्र गिरीको मृत्यु भएको हो।

मोटरसाइकलमा पछाडि सवार तनहुँ घर भई शेरगंज गण सिराहामा कार्यरत २५ वर्षीय जीवन तामाङ सामान्य घाइते भएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षण प्रदीप सुवेदीले जानकारी दिए।

# ७५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २२ जेठ/

वीरगंज महानगरपालिका-८ वडा कार्यालयको सहयोगमा युडिबाई सेफ कम्प्युटर एजुकेशनले आयोजना गरेको रक्तदान कार्यक्रममा ७५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।




तस्वीरः प्रतीक

नगरप्रमुख विजयकुमार सरावगीले उद्घाटन गरेको कार्यक्रममा वंशीधर गुप्ता, धीरज राम, श्याम पासवान, शम्भु पटेल, साजन गुप्ता, रनिश श्रेष्ठ, राम पोखरेल, रवि श्रेष्ठ, प्रकाश थापा, पवन राम, राजन कानूलगायतले रक्तदान गरेको प्राविधिक कुशवाहाले बताए।

## वातावरण दिवस.....

असरफ अली, सरफुद्दीन मियाँ, मुर्ली जालानलगायतले वृक्षारोपण गरेको पीपल र नीमका बिरुवा रोपण गरिएको बताए। ब्रहमबाबा मन्दिर र नेपाली स्टेशनस्थित बजरङ्ग मन्दिरमा पनि



रक्सौलस्थित ब्रहमबाबा मन्दिर परिसरमा वृक्षारोपण गर्दै। तस्वीरः प्रतीक

अध्यक्ष खेतानले बताए।

यसैगरी, छिमेकी भारतको रक्सौलस्थित टुमरिया टोलाको ब्रहमबाबा मन्दिर परिसरमा सरोकार मञ्चको आयोजनामा वृक्षारोपण गरिएको छ। मञ्चका कोषाध्यक्ष राजेश केसरीवालले वृक्षारोपण गरिएको उनले बताए। कार्यक्रममा संस्थाका अध्यक्ष रञ्जनकिशोर मिश्र, दीपक कुमार, राजेश वर्मा, पिङ्की कुमारी, सुधा देवी, रविकिशोर मिश्रलगायतले वृक्षारोपण गरेका थिए।

## नदीजन्य पदार्थ निकासी......

किलोमिटरभित्र रहेका अधिकांश क्रसर उद्योग सरकारले बन्द गऱ्यो। फलस्वरूप चुरे उत्खनन, दोहनमा केही कमी आएको छ। राज्यले कार्यान्वयन पक्षलाई बलियो नबनाउँदा उत्खनन, दोहनले सीमा नाघेको छ। तारजालीको तटबन्ध लगाउन अहिले स्थानीय खोलाबगरको सतहमा ढुङ्गा भेटिन मुश्किल छ।

यता एकथरी जानकार एवं विज्ञहरू भने नदीजन्य पदार्थलाई बाह्य मुलुकमा बिक्री गरी राज्यले आम्दानी गर्नुपर्ने तर्क राख्दै आइरहेका छन्।

यसका लागि चुरे तराई-मधेसको संरक्षणमा समेत उचित ध्यान दिनुपर्ने उनीहरूको तर्क छ। अहिले भवन, सडक, पुललगायतका भौतिक संरचनाहरूको निर्माण कार्य बढ्को छ। जसका लागि नदीजन्य पदार्थको प्रयोग गर्नुपर्ने हुन्छ।

त्यस बेला नेपालका नदीजन्य पदार्थ भारत निकासी गर्न छुट दिंदा टिपरले भारवाहन क्षमताभन्दा अत्यधिक भार बोक्दा सडक भत्किने मात्र होइन, दिनहुँजसो सवारीसाधन दुर्घटना भई मानिस घाइते हुने र ज्यानसमेत जाने गरेको बारा, पर्सा, मकवानपुरका जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कमा छ।

आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

